## आगलागी हुँदा



आगलागी हुँदा प्रायः मानिसको मृत्यु धुवाँले निस्सासिएर हुने गर्दछ । धुवाँले गर्दा देख्न पनि गाह्रो हुन्छ । त्यसैले भुईतिर निहुरिएर सबैभन्दा नजिकको बाटोबाट तुरुन्तै बाहिर निस्कनुहोस् । आफ्नो सरसामानहरु जहाँ छ त्यही छोडिदिनुहोस् । एक सेकेण्डले पनि तपाईंको ज्यान जोगिन सक्छ ।

## सम्भावित प्रकोपका महिनाहरु

| | |
|---|---|
| बैशाख | आगलागी, चट्याङ, हुरीबतास, असिना वर्षा, भूकम्प, खडेरी, तातो हावा (लू). |
| जेठ | आगलागी, हुरीबतास, चट्याङ र असिना वर्षा, खडेरी, तातो हावा (लू). भूकम्प, माहामारी |
| असार | अतिबृष्टि, पहिरो, बाढी, खडेरी, भूकम्प, महामारी |
| साउन | अतिबृष्टि, पहिरो, बाढी, खडेरी, भूकम्प, महामारी |
| भदौ | अतिबृष्टि, पहिरो, बाढी, भूकम्प, महामारी |
| असोज | अतिबृष्टि पहिरो, बाढी, भूकम्प, महामारी |
| कार्तिक | असिना वर्षा, भूकम्प, महामारी |
| मंसिर | आगलागी, भूकम्प |
| पौष | तुषारो, भूकम्प |
| माघ | तुषारो, भूकम्प |
| फागुन | आलागी, हुरीबतास, भूकम्प |
| चैत | आगलागी/हुरीबतास, असिना वर्षा, भूकम्प |








myriad usa

पनौती नगरपालिका


# विपदको समयमा जोखिम न्युनिकरणका उपायहरु

myriad usa

पनौती नगरपालिका

## भूकम्पबाट बच्ने उपाय



- भूकम्प जानसक्ने समयको अनुमान लगाउन सकिँदैन, त्यसैले यसबाट बच्न सधैं सतर्क र सचेत रहनुपर्छ ।
- आपतकालिन झोला र अन्य महत्वपूर्ण कागजपत्र सुरक्षित ठाउँमा राख्ने ।
- महत्त्वपूर्ण कागजपत्र सुरक्षित ठाँउमा राख्ने ।

## भूकम्प आइहालेमा



- आफु जहाँ जे जस्तो अवस्थामा भइन्छ नआत्तिकन सुरक्षित रहने ।
- आफ्नो सम्वेदनशील अगहरूको रक्षा गर्ने उपाय अपनाउने ।
- बलियो फर्निचरमुनि लुक्नुहोस् अथवा कोठामा भित्ताको कुनातिर आड लिनुहोस् । कम्पनहरु आइरहन सक्छ ।
- सकेसम्म छिटो घरबाट बाहिर खुल्ला ठाउँमा जानुहोस् । उद्धारकहरु आउन समय लाग्न सक्छ, त्यसैले सक्नुहुन्छ भने अरूको उद्धार गर्नुहोस्।

## भूकम्प पछि

- घर बाहिर निस्किएपछि पहिले निर्धारित खुला स्थानमा जाने ।
- उद्धार कार्यमा लाग्ने र उद्धार कार्यका लागी सम्बन्धित निकायमा खबर गर्ने ।

## भूकम्पको समयमा गरिने प्रतिकार्य

- टाउको र संवेदनशील अङ्गलाई तकिया वा अरू कुनै वस्तुले टाउको छोप्ने, केही सामान नभेटिए आफ्नो हात र पाखुराले टाउको घोप्टो परेर बस्ने ।



- घरभित्रको आगो, ग्यास, बिजुली तत्कालै बन्द गर्ने ।
- आपतकालीन झोला र अन्य आवश्यक ठानिएका वस्तु बोकेर तुरून्तै बाहिर निस्कने ।
- महिला, बालबालिका, बुढाबुढी, अशक्त र विरामीलाई घरबाट बाहिर ल्याउन प्राथमिकता दिने ।
- घर बाहिर निस्किएपछि पहिले निर्धारित खुला र सुरक्षित स्थानमा जाने ।
- उद्धार कार्यमा लाग्ने र उद्धार कार्यका लागि सम्बद्ध निकायलाई खबर गर्ने ।

## बाढी पहिरोबाट बच्ने उपाय





- बाढी पहिरो आउन लागेका क्षेत्रमा मानिस, घरपालुवा पशुको प्रवेश निषेध गर्ने ।
- बाढी पहिरो नजाने सुरक्षित ठाउँमा आपतकालिन आश्रयस्थल बनाउने ।
- बाढी पहिरो जाने तथा बाढी पहिरो जानसक्ने सम्भावित स्थानमा घर नबनाउने ।

## बाढी पहिरो गइहालेमा

- हराएका मानिसको तत्काल खोजी गर्ने र घाईतेको उपचारको प्रबन्ध मिलाउने ।
- सुरक्षित स्थानमा अस्थायी शिविर बनाएर विस्थापित परिवारलाई राख्ने ।

## बाढी पहिरो पछि

- सुरक्षा निकाय, रेडक्रस जस्ता उद्धार तथा राहत दिने निकायलाई खबर दिने ।
- माहामारी फैलिनसक्ने सम्भावना प्रति सतर्क रहेर सरसफाइमा ध्यान दिने ।

## हुरीबतासबाट बच्ने उपाय

- रूखको फेद तथा बिजुलीको खम्बा नजिक नजाने ।
- सकेसम्म घरबाट बाहिर ननिस्कने ।

## हुरीबतास आइहालेमा



- नहड्बडाउने, नआत्तिने र धैर्यताका साथ सुरक्षित स्थानमा बस्ने ।
- मट्टीतेल, पेट्रोल, सलाइजस्ता सजिलै सल्किने प्रज्ज्वलनशील वस्तुहरू सुरक्षित छ वा छैन जाँच गर्ने ।
- बतासले उडाउन सक्ने ओत वा घरलाई तुरून्त छाडेर सुरक्षित स्थानतर्फ लाग्ने ।
- नजिकैको सुरक्षित ठाउँमा तुरून्तै जानुहोस् ।

## हुरीबतास पछि



- यत्रतत्र छरिएका वस्तुहरूलाई सुरक्षित साथ मिलाएर राख्ने ।
- बिजुलीको लाइन के कस्तो छ हेरेर मिलाउने ।